कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रोजगार सेवा केन्द्र

रामपुर सल्यान

कर्णाली प्रदेश नेपाल

प.स. २०८१/०८२

च.नं. ४६३

मिति:२०७१/०८/१०

<u>विषयः योजना कार्यान्वयन तथा श्रमिक छनोट गरी सम्झौताको लागी पठाउने सम्बन्धमा।</u>

श्री वडा कार्यालय (सबै)
कालिमाटी गाउँपालिका,सल्यान।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत यस आ व मा प्रधानमन्त्री रोजगारको १०० दिनको रोजगारीको लागी आयोजना कार्यान्वयन तथा श्रमिक बाँडफाडको लागी यस गाउँसभाको मिति २०८१/०३/१० गते बसेको गाँउसभाको निर्णायनुसार तहाँ वडा बाट योजना कार्यान्वयन तथा श्रमिक छनोट गरि सम्झौताको लागि पाठाउनु हुन अनुरोध छ। साथै तपशिलको अधिनमा रहि योजना कार्यन्वयन गर्नुहुन समेत अनुरोध छ।

<u>तपशिलः</u>

१. रोजगार सेवा केन्द्रबाट सूचीकृत भई वडामा पठाइएको प्राथमिकिकरण सूची अनुसार क्रमशः खटाउनुपर्ने, प्राथमिकिकरण अनुसार कुनै व्यक्ति सम्पर्कमा नआएमा तल्लो व्यक्तिलाई क्रमस काममा खटाउनुपर्ने ।

२. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (युवारूप) आयोजनाको लागि प्राथमिकिकरणअनुसार १८ देखी ४० बर्ष सम्मको श्रमिकलाई मात्र काममा लगाउनुपर्ने ।

३. हरेक वडाको बेरोजगार सुचिकृत प्राथामिकिकरण लिष्टबाट १२ जना बेरोजगार व्यक्तिको नाम पठाउनु पर्ने।

४. मिति २०८१/०३/१० गतेको गाउँसभाकाको निर्णय अनुसार काममा खटाउनुपर्ने तथा काममा खट्ने श्रमिकहरुमध्येबाट रोजगार उपभोक्ता समिति गठन गर्नुपर्ने,गठित उपभोक्ता समितिले वडाको सिफारीस सहित लागत अनुमान तथा योजना सम्झौता गरेर मात्र योजना अगाडी बढाउनुपर्ने छ ।

५. इस्टिमेट अनुसारको काम गर्न तथा गराउन सहजिकरण गर्नुपर्ने ।

६. वडा स्तरीय अनुगमन समितिले निरन्तर अनुगमन गर्नुपर्ने ।

७. भुक्तानी बैंक खाता मार्फत मात्र हुने भएकाले हरेक श्रमिकको बैक खाता खोल्नका लागि सहजिकरण गरिदिनुपर्ने ।

श्रमिकले पालना गर्नुपर्ने नियमहरु

रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा रोजगारीका लागि छनौट भएका व्यक्तिहरुले निम्न कुरामा ध्यान दिनुपर्ने छ :

१. गठित समितिले पनि अन्य श्रमिक सरह कामकाज गर्नुपर्ने छ ।

२. श्रममूलक काममा प्रयोग हुने औजारहरु) कोदालो, फरुवा, बेल्चा, हसिया, बन्चरो, गति, घन, साबेल लगाएतका अन्य सामाग्री (को व्यवस्था श्रमिकहरु स्वयम् ले नै गर्नु पर्नेछ ।

३. प्राविधिक लागत इष्टिमेट अनुसारको काम गर्नु पर्नेछ । रोजगार उपभोक्ता समितिले तोकेका नियमहरुको पालना गर्नु पर्नेछ ।

४. १०० दिने रोजगारीमा खटिएका श्रमिकले कामको विचमै अथवा काम पुरा नहुदै काम छोडेमा सो अवधीको रकम नपाएमा पालिका जवाफदेही हुने छैन ।

५. तोकिएको व्यक्तिको सट्टामा अर्को व्यक्ति काममा खटिई सो काम वापतको ज्याला तथा विमा नपाएमा पालिका जवाफदेही हुने छैन ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमिकको सामूहिक दुर्घटना विमा भएको ।

सुबाश बुढाथोकी
(रोजगार संयोजक)

(सुबाश बुढाथोकी)
रोजगार संयोजक

बोधार्थ

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,
श्रीमान् गाउँपालिका उपाध्यक्ष ज्यू,
श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
कालिमाटी गाउँपालिका ।

.......श्रमको सम्मन राष्ट्रको अभियान........